AMDA Nepal
Siddhartha Children and Women Hospital
Bid Terms

Name of Company / Firm: ……………………..……………………………………………..

Company/Firm Registration No: …………………………………….…………………….

Address: …………………………………….………..…………………………………

Phone No. : …………………..……………… Fax No.: ……………………………………….

E-mail: ……………………………………..………………………………………………

Web site: ……………………………………………………………………………………

Type of Transaction: Retailer/Stockiest/Supplier/Manufacturer
Others (specify)…………………………………………………

Mailing Address:
…………………………………………………………………………..
…………………………………………………………………………..
…………………………………………………………………………..
…………………………………………………………………………..

VAT/PAN No: …………………………………………………………

Validity/Expiry of PAN/VAT Certificate: …………………..……………

I/We confirm the accuracy of the information given in the sealed tender document and fully responsible to supply the items as cited under the following terms & condition.

Signature: Stamp:

Name of Proprietor:

Date:

# आम्दा नेपाल, सिद्धार्थ बाल तथा महिला अस्पताल, बुटवलको

## बोलपत्र/दरभाउपत्र आव्हानको सूचना

**( प्रथम पटक प्रकाशित मितिः२०७९।०५।२६)**

आम्दा नेपाल सिद्धार्थ बाल तथा महिला अस्पताल बुटवलको लागि तपसिल बमोजिमको औषधि, सर्जिकल, केमिकल तथा औषधिजन्य सामग्री, छपाई, मसलन्द तथा कार्यालय सामग्री, मेडिकल अक्सिजन आदि सरसामानहरू आवश्यक परेकोले यो सुचना (सुचना नं 0095/AMDA/SCWH/2080_81) प्रकाशित भएको मितीले १५ दिन भित्र तोकिएको शर्त अधिनमा रही आम्दा नेपालको वेभसाईट http://ebidding.amda.org.np मार्फत Vendor Login गरी वा बोलपत्र/दरभाउपत्र फारम online form मार्फत तोकिएको रकम यस अस्पतालको सिद्धार्थ बैकको खाता नं. 01310538160 (AMDA NEPAL SCWH) मा रकम जम्मा गरि सो को भौचर संलग्न गर्नुपर्ने। यस सुचनाको पूर्ण विवरणका लागि आम्दा नेपाल/अस्पतालको वेभसाईट www.amda.org.np वा तलको ठेगानामा सम्पर्क राख्नुहुन अनुरोध छ।

बोलपत्र/दरभाउपत्र शुल्क:

१. औषधी - रू. ५,०००/- (अक्षरेपी रू. पाँच हजार मात्र)
२. सर्जिकल/ल्याब केमिकल - रू. ५,०००/- (अक्षरेपी रू. पाँच हजार मात्र)
३. मेडिकल अक्सिजन - रू. १,०००/- (अक्षरेपी रू. एक हजार मात्र)
४. स्टेशनरी तथा कार्यालय सामग्री - रू. १,०००/- (अक्षरेपी रू. एक हजार मात्र)
५. छपाई तथा प्रकाशन - रू. १,०००/- (अक्षरेपी रू. एक हजार मात्र)

**शर्तहरुः**

१. ईच्छुक बोलपत्र/दरभाउपत्र खरिदकर्ताले दरभाउपत्र आम्दा नेपालको वेभसाइट http://ebidding.amda.org.np मार्फत Vender Log in गरी दरभाउ पत्र पेश गर्नुपर्नेछ।

२. बोलपत्र/दरभाउपत्र खरिदकर्ताले बोलपत्र/दरभाउपत्र online form उपलब्ध गराईनेछ।

३. बोलपत्र/दरभाउपत्र प्रकाशित भएको मितिले १५औ दिन भित्र अर्थात मिति २०७९।०६।०९ गते दिनको ४:०० बजे भित्र पेश गरिसक्नुपर्नेछ। साथै उक्त दिन सार्वजनिक विदा परेमा विदा पश्चात कार्यालय खुलेको दिन तोकिएको समय भित्रमा बोलपत्र/दरभाउपत्र पेश गर्न सकिनेछ। लगअन गर्ने समयमा कुनै समस्या भएमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

४. बोलपत्र/दरभाउपत्र मिति २०७९।०६।१० गते बिहान ०२:०० बजे आम्दा नेपाल सिद्धार्थ बाल तथा महिला अस्पताल, बुटवलमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि उक्त बोलपत्र/दरभाउपत्र खोल्न बाधा पुग्नेछैन। साथै उक्त दिन सार्वजनिक विदा परेमा विदा पश्चात कार्यालय खुलेको दिन तोकिएको स्थान र समयमा बोलपत्र/दरभाउपत्र खोलिनेछ।

५. बोलपत्र/दरभाउपत्रको साथमा आफूले कबोल गरेको कुल अनुमनित रकमको २.५% ले हुन आउने बराबरको रकम **कम्तिमा मिति २०८० साल कार्तिक मसान्त**सम्मका लागि मान्य हुनेगरी आम्दा नेपाल, सिद्धार्थ बाल तथा महिला अस्पताल, बुटवलको नाममा जारी भएको बिडबण्ड (बैंक ग्यारेन्टी) संलग्न गर्नुपर्नेछ। तोकिए बमोजिमको बिडबण्ड समावेस नगरी बोलपत्र/दरभाउपत्र पेश गरेमा सम्बन्धित फर्म/कम्पनीलाई कालो सूचिमा राख्न सकिनेछ। आपुर्तिकर्ता (बोलपत्र/दरभाउपत्रदाता) छनौट भई सूचना जारी भएको मितिले सात दिन

भित्र भ्याट सहित स्वीकृत रकमको जम्मा ५% (पाँच प्रतिशत) का दरले हुन आउने रकम बराबरको एक वर्ष मान्य हुने गरी आम्दा नेपाल सिद्धार्थ बाल तथा महिला अस्पताल, बुटवलको नाममा जारी भएको परफरमेन्स बण्ड (बैंक ग्यारेन्टी) सहित आम्दा नेपाल, सिद्धार्थ बाल तथा महिला अस्पतालसँग सम्झौता गरिसक्नुपर्नेछ, अन्यथा बिडबण्ड जफत हुनेछ ।

६. बोलपत्र/दरभाउपत्र फारम भर्दा भ्याट सहितको जम्मा रकम नेपाली मुद्राको दररेट भर्नुपर्नेछ । भ्याट नलाग्ने कुनै सरसामानमा भ्याट जोडिन पुगेको भए त्रुटि सुधारिने छ । नेपाल सरकारलाई तिर्न बुझाउनुपर्ने भ्याट बाहेक सबै प्रकारका करहरु र स्थानिय स्तरमा तिर्नुपर्ने अन्य सबै प्रकारका कर तथा शूल्कहरु दररेटमा समावेश भएको मानिनेछ । बोलपत्रदाता/दरभाउपत्रदाताले तोकिएको सामान आपूर्ति दिनुपर्ने स्थान, अवधि आदिको पूर्ण विवरण बुझीजानी दररेट भरेको मानिनेछ । आवश्यक परेमा आम्दा नेपाल सिद्धार्थ बाल तथा महिला अस्पतालले दरभाउपत्र/बोलपत्रदाताले पेश गरेको सामानहरुको गुणस्तर परिक्षण गर्न सक्नेछ । तोकिए बमोजिमको गुणस्तरीय सामान आपूर्ति गर्न नसकेमा समेत परफरमेन्स बण्ड (बैंक ग्यारेन्टी) जफत हुनेछ ।

७. बोलपत्र/दरभाउपत्रदाताले विद्युतीय माध्यमबाट दरभाउ पत्र पेश गर्नुपर्नेछ ।

८. बोलपत्र/दरभाउपत्रका साथ अध्यावधिक कम्पनी/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, व्यवसाय संचालन गर्न छुट्टै स्विकृत लिनुपर्नेमा स्विकृति लिएको/नविकरण खुलेको प्रमाणपत्रको प्रतिलिपि, अघिल्लो आ.व.को करचुक्ताको प्रमाणपत्र, कर दर्ता प्रमाणपत्रको प्रतिलिप संलग्न गर्नुपर्नेछ ।

९. अन्य शर्त तथा कार्यविवरण बोलपत्र/दरभाउपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ । बोलपत्र/दरभाउपत्रमा संशोधन आवश्यक देखिएमा पेश गर्ने अन्तिम मिति अगावै आम्दा नेपाल सिद्धार्थ बाल तथा महिला अस्पतालले संशोधन गर्न सक्नेछ ।

१०. रितपूर्वक प्राप्त नभएको बोलपत्र/दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन ।

११. आम्दा नेपाल सिद्धार्थ बाल तथा महिला अस्पतालले दरभाउपत्र/बोलपत्रदाताले पेश गरेको प्रस्ताव मध्ये कुनै एक वा सम्पूर्ण सरसामान/सेवा समेत छनौट गर्नसक्नेछ र अस्पताललाई उल्लेखित सरसामान/सेवा आवश्यक नलागेमा आंशिक वा पूर्ण रूपले खरिद नगर्ने निर्णय गर्न सक्नेछ ।

१२. खरिद सम्झौता वि.सं. २०८१ असार मसान्तसम्मको लागि मान्य हुने गरि गरिनेछ । सम्झौता अवधिभर दरभाउपत्र/बोलपत्रमा उल्लेखित प्रस्तावको दर तथा विवरण परिवर्तन मान्य हुनेछैन ।

१३. छनौट भएको बोलपत्र/दरभाउपत्रदाता अर्थात् आपूर्तिकर्ता र आम्दा नेपाल सिद्धार्थ बाल तथा महिला अस्पताल बिच सम्झौता सम्पन्न हुनासाथ आम्दा नेपाल सिद्धार्थ बाल तथा महिला अस्पतालले खरिद आदेश जारी गर्नसक्नेछ । आम्दा नेपाल सिद्धार्थ बाल तथा महिला अस्पतालले जारी गरेको खरिद आदेश बमोजिम तोकिएको स्थानमा ७ दिनभित्र तोकिए बमोजिमका सम्पूर्ण वस्तु, सेवा तथा सरसामानहरु आपूर्तिकर्ताले पूर्ण रुपमा बुझाउन नसकेमा परफरमेन्स बन्ड आम्दा नेपालले निर्धारण गर्ने जरिवाना बैंक ग्यारेन्टीबाट असुल उपर गरिनेछ ।

१४. आयु तोकिएको वस्तु, सेवा वा सरसामानहरुको हकमा, आम्दा नेपाल सिद्धार्थ बाल तथा महिला अस्पतालले सो वस्तु, सेवा वा सरसामानहरु प्राप्त गर्दाको दिनमा सोको जम्मा आयु अवधि कम्तिमा असि प्रतिशत बाँकी रहेको हुनुपर्नेछ ।

१५. आम्दा नेपाल सिद्धार्थ बाल तथा महिला अस्पताल, बुटवललाई आपूर्ति गर्ने वस्तु, सेवा वा सरसामानहरु उत्पादकले प्याकिङ्ग गरि बजारमा वितरण गर्दाको अवस्थामा हुनुपर्नेछ । क्षतिग्रस्त सरसामान स्विकार गरिनेछैन । आम्दा नेपाल सिद्धार्थ बाल तथा महिला अस्पताल, बुटवलले आपूर्तिकर्ताबाट प्राप्त सरसामानहरुको परिक्षण प्रतिवेदन पास नगर्दासम्म सरसामानहरुको क्षति हुन पुगेमा सो को जिम्मेवारी आपूर्तिकर्ताले लिनुपर्नेछ ।

१६. आपूर्तिकर्ताले खरिद आदेशमा तोके बमोजिम आपूर्ति नगरेको खण्डमा उक्त वस्तु, सेवा वा सरसामानहरु स्विकार हुनेछैन र उपरोक्त काममा हुने समयको अनावश्यक खर्चको सोधभर्नाको लागि हरेक पटक बीस प्रतिशतका दरले जरिवाना गर्न सक्नेछ। त्यस्तो जरिवाना रकम नगद वा परफरमेन्स बोण्डबाट असुल उपर गर्न सकिनेछ।

१७. आम्दा नेपाल सिद्धार्थ बाल तथा महिला अस्पताल, बुटवलले तोकेको समयभित्र तोकिएका वस्तु, सेवा वा सरसामानहरु आपूर्तिकर्ताले उपलब्ध गराउन नसकेमा आम्दा नेपाल सिद्धार्थ बाल तथा महिला अस्पतालले अन्य पक्षसँग उक्त वस्तु, सेवा वा सरसामानहरु खरिद गर्न सक्नेछ। आम्दा नेपाल सिद्धार्थ बाल तथा महिला अस्पतालले अन्य आपूर्तिकर्ताबाट खरिद गरेको सरसामानहरुको सम्पूर्ण मूल्यको जरिवाना वा बैंक ग्यारेन्टी (परफरमेन्स वण्ड) जफत गरि आपूर्तिकर्तासँग भएको सम्झौता भङ्ग गर्नसक्नेछ।

१८. आम्दा नेपाल सिद्धार्थ बाल तथा महिला अस्पताल, बुटवलले जारी गरेको खरिद आदेश बमोजिम सम्पूर्ण वस्तु, सेवा तथा सरसामानहरु तोकिएको स्थानमा बुझाईसके पश्चात् समेत सोको परिक्षणपछि मात्र नेपाली मुद्रामा क्रस चेक मार्फत भुक्तानी गरिनेछ। नेपाल सरकारको प्रचलित नियमानुसार लाग्ने कर अग्रिम कट्टा गरिनेछ।

१९. सम्झौता सम्पन्न गर्दा तोकिएका वस्तु, सेवा वा सरसामानहरुको गुणस्तरको सुनिश्चितता, आवश्यक प्राविधिक सहयोग र अन्य सबै प्रकारका सरसहयोग, दरभाउपत्र/बोलपत्र साथ पेश गरे बमोजिम आपूर्तिकर्ताले उपलब्ध गराउनुपर्नेछ।

२०. दरभाउपत्र/बोलपत्रहरु आंशिक वा पूर्णरुपमा, जानकारी दिई वा नदिई स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार, पूर्ण रुपमा आम्दा नेपाल सिद्धार्थ बाल तथा महिला अस्पतालमा सुरक्षित रहनेछ।

बोलपत्र/दरभाउपत्र सम्बन्धी थप जानकारीको लागि तलको ठेगानामा सम्पर्क गर्न सकिनेछ।

**सम्पर्क राख्ने ठेगाना**

आम्दा-नेपाल

सिद्धार्थ बाल तथा महिला अस्पताल

बुटवल, रुपन्देही

टेलिफोनः ०७१-५०२१०१/५०२०९७

इमेलः scwh.butwal@amda.org.np

आम्दा नेपाल सिद्धार्थ बाल तथा महिला अस्पताल, बुटवलको उपरोक्त सूचना बमोजिम तोकिएका उपरोक्त शर्तहरु पूर्णरुपमा स्विकार गर्दछु/गर्दछौं।

संस्थापक वा आधिकारीक पदाधिकारीको नामः ...........................................................

हस्ताक्षरः ..........................................

मितिः ............................

फर्म/कम्पनीको छापः